## परिच्छेद-३

## लागत साझेदारीको मापदण्ड, प्रस्ताव आव्हान, स्वीकृति तथा सम्झौता

**७.लागत साझेदारीको मापदण्ड तथा अवधिः** (१) मन्त्रालयसँग साझेदारीमा परियोजना सञ्चालन गर्न चाहने साझेदार संस्थाले देहाय बमोजिम लागत सहभागिता गर्नुपर्नेछः-

(क) परियोजनाको कुल लागत पचास लाखसम्म भएका परियोजनामा कूल लागतको कम्तीमा चालीस प्रतिशत रकम,

(ख) परियोजनाको कुल लागत पचास लाख देखि एक करोडसम्म भएका परियोजनामा कूल लागतको कम्तीमा पचास प्रतिशत रकम।

(२) लागत साझेदारी एक आर्थिक वर्षको हुनेछ।

तर कुनै कार्यक्रम सञ्चालनका लागि एक वर्ष भन्दा बढी अवधिको साझेदारी गरिएकोमा प्रत्येक वर्षको लागत साझेदारी अनुपातको रकम खुलेको हुनु पर्नेछ।

**९.अवधारणा पत्र पेश गर्नुपर्नेः** (१) प्रस्ताव आव्हानको सूचनामा तोकिएका शर्त र समयावधिभित्र साझेदारी गर्न इच्छुक साझेदार संस्थाले अनुसूची-३ बमोजिमको साझेदारी परियोजनाको अवधारणा पत्र तयार गरी साझेदारी गर्ने आशय सहितको आधिकारिक निर्णय तथा कागजात संलग्न राखी मन्त्रालयमा प्रस्ताव पेश गर्नु पर्नेछ।

(२) साझेदार संस्थाले उपदफा (१) बमोजिम अवधारणा पत्र पेश गर्दा देहायका कागजात पेश गर्नु पर्नेछः-

(क) साझेदारीमा सञ्चालन हुने परियोजनाको क्षेत्रसँग सम्बन्धित स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक पर्ने न्यूनतम पूर्वाधार एवम् जनशक्ति क्षमता भएको विवरण,

(ख) प्रचलित कानून बमोजिम स्वास्थ्य संस्थाको अनुमति पत्र तथा नवीकरण म्याद कायम भएको प्रमाण,

(ग) साझेदारी परियोजनासँग सम्बन्धित सेवा सञ्चालन गर्न अन्य कुनै निकायको पूर्व स्वीकृति वा अनुमति लिनु पर्ने भएमा सो समेत लिएको वा लिने प्रतिवद्धता गरेको,

(घ) परियोजना सञ्चालन गर्न वातावरणीय अध्ययन आवश्यक पर्ने भएमा सोको स्वीकृत प्रतिवेदन,

(ङ) गत आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,

(च) स्वास्थ्य संस्थाको विवरण तथा कार्यक्षेत्र सहितको वेवसाइट भएको र त्यस्तो दस्तावेज भएको,

(छ) साझेदारीको लागि स्वास्थ्य संस्थाले आफ्नो तर्फबाट लागत साझेदारी गर्ने रकम भएको सुनिश्चितता वा बैंक ग्यारेन्टी,

(ज) साझेदारीमा सञ्चालन हुने परियोजनाबाट सामुदायिक स्तरमा सेवा सञ्चालन हुने सुनिश्चितताको प्रमाण,

(झ) साझेदारीको परियोजना सञ्चालनको लागि जग्गा आवश्यक पर्नेमा आफ्नै स्वामित्वको जग्गा

भएको जग्गाधनी प्रमाण पुर्जा र भाडा/लिजको जग्गामा परियोजना सञ्चालन गर्ने हकमा कम्तीमा दश वर्षको जग्गाको भोगाधिकार प्राप्त करार सम्झौता पत्र,

(ञ) स्वास्थ्य संस्थाको सञ्चालक समिति वा वोर्डबाट साझेदारी गर्न गरिएको निर्णयको प्रतिलिपि, सञ्चालक समिति तथा प्रमुख व्यवस्थापकको व्यक्तिगत विवरण,

(ट) स्थानीय तहको हकमा साझेदारीका लागि स्थानीय कार्यपालिकाको निर्णयको प्रतिलिपि,

(ठ) नेपाल सरकार, प्रदेश सरकार वा अन्य निकायबाट सोही परियोजना तथा कार्यक्रमको लागि कुनै नगद अनुदान वा बस्तुगत सहयोग प्राप्त गरे नगरेको विवरण,

(ड) स्वास्थ्य संस्थाको पछिल्लो तीन आर्थिक वर्षको वार्षिक प्रगति प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन,

तर स्वास्थ्य संस्था स्थापना भएको तीन वर्ष नपुगेको हकमा कम्तीमा एक आर्थिक वर्षको प्रगति प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन।

(३) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा एकल र दुई वा दुई भन्दा बढी स्वास्थ्य संस्थाहरुको संयुक्त परियोजना प्रस्तावहरू पेश गर्न सक्नेछन्।

(४) उपदफा (३) बमोजिम संयुक्त प्रस्तावको हकमा कुनै एक मुख्य प्रस्तावक हुनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम संयुक्त रुपमा साझेदारी प्रस्ताव पेश गर्दा साझेदार गर्ने स्वास्थ्य संस्थाहरुको लगानीको प्रतिशत वा अंश खुलेको विवरण र कार्य जिम्मेवारी स्पष्ट खुलेको विवरण सहितको परियोजना प्रस्ताव पेश गर्नुपर्नेछ।

## अनुसूची-३
## (दफा ९ को उपदफा (१)सँग सम्बन्धित)

### साझेदारीमा सञ्चालन हुने परियोजना/कार्यक्रमको अवधारणा पत्रको ढाँचा

| | |
|---|---|
| **परियोजना सम्बन्धी जानकारी** | |
| परियोजनाको नाम | |
| परियोजना कार्यान्वयन स्थान | |
| आवेदकको नाम | |
| आवेदकको ठेगाना | |
| आवेदकको ईमेल र फोन नम्वर | |
| प्रस्तावको किसिम | एकल वा संयुक्त |
| संयुक्त प्रस्तावक भएमा प्रस्तावकहरुको विवरण | <u>मुख्य प्रस्तावक</u><br>नामः<br>ठेगानाः<br>ईमेलः<br>फोन नंः<br><br><u>साझेदार प्रस्तावक</u><br>नामः<br>ठेगानाः<br>ईमेलः<br>फोन नंः |
| **परियोजनाको अवधारणा** | |
| पृष्ठभूमि | |
| उद्देश्य | |
| औचित्य | ▪ परियोजना नवप्रवर्तवनकारी (innovative) भएको<br>▪ परियोजनाले बिस्तार/ सुदृढ हुने सेवाको विवरण |

| | |
|---|---|
| | ▪ अन्य स्थानमा बिस्तार (replicate) गर्न सकिने सम्भावना |
| आपेक्षित नतिजा | आशातित प्रतिफल, उपलब्धी, प्रभाव उल्लेख गर्ने |
| लाभग्राहीको विवरण | महिला, पुरुष, लैंगिक तथा सामाजिक समावेशीकरण खण्डीकृत तथ्याङ्क प्रयोग गर्ने |
| प्रस्तावित परियोजनाले दीगो विकास लक्ष्यमा योगदान गर्ने भए सोको पुस्ठ्याई | |
| परियोजनाको अवधि | |
| परियोजनाको संक्षिप्त कार्यान्वयन योजना | |
| लागत सहभागिताको संरचना | परियोजनाको कुल लागतः<br>आवेदकले व्यहोर्ने लागत हिस्साः<br>साझेदार संस्थाबाट व्यहोर्ने लागत हिस्सा (संयुक्त आवेदकको हकमा) |
| परियोजनाका सम्भावित जोखिमहरु तथा न्यूनीकरणका उपायहरु | |
| कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन खाका | |
| ग्राह्य खर्च क्षेत्रहरु | |

| **क्र.सं** | **कार्यक्रम/खर्च शिर्षक** | **लागत विवरण** | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|
| | | **इकाई** | **परिमाण** | **दर** | **जम्मा** | |
| 1. | | | | | | |
| 2. | | | | | | |
| 3. | | | | | | |
| 4. | | | | | | |
| .... | | | | | | |
| ......... | | | | | | |
| जम्मा प्रस्तावित बजेट | | | | | | |